आज मिति २०७४ साल आश्विन ८ गतेका दिन य प. मकवानपुरगढी गाउँकार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री बिदुर हुमागाईज्यूको अध्यक्षतामा बस्दा तपशिल बमोजिमको उपस्थित गरियो।

उपस्थिति

१. अध्यक्ष श्री बिदुर हुमागाई

२. उपाध्यक्ष श्री हर्कमाया रुम्बा

३ सदस्य श्री आइत सिं लो

४. ॥ श्री बखान सिंह पाख्रिन

५. ॥ श्री भागवत घिमिरे

६. ॥ श्री रामप्रसाद तिमल्सिना

७. ॥ श्री जित बहादुर घिमिरे

८. ॥ श्री टिका प्रसाद पहाल

९. ॥ श्री सुर्य बहादुर रुम्बा

१०. ॥ श्री कुमार सिं घिसिङ

११. ॥ श्री चिनीमाया लुङवा

१२. ॥ श्री निर्मला विश्वकर्मा

१३. ॥ श्री मञ्जु योन्जन

१४. ॥ श्री बुद्धिमाया योन्जन

Scanned with CamScanner

१५. सदस्य श्री पातलीमाया गोले Patali

१६. ,, श्री सुरेन्द्र सुनार

१७. सदस्य सचिव का.वा.अ. श्री चिनराज कोइराला

१८. युवराज पौड्याल

१९. लेखापाल श्री होमराज ढुंगेल

छलफलका विषयहरु

१. परक्रेकर सम्बन्धमा-

२. कर्मचारीको सेवा सुविधा सम्बन्धमा-

३. पदाधिकारीहरुको सेवा सुविधा सम्बन्धमा-

४. वडादशैंको उपलक्षमा शुभकामना प्रस्ताव सम्बन्धमा-

५. योजना फरफारक सम्बन्धमा-

६. मेसिन प्रयोगको भाडा दर निर्धारण सम्बन्धमा।

निर्णयहरु :-

निर्णय नं. १ प्रस्ताव नं. १ को सम्बन्धमा छलफल गर्दा यस मकवानपुरगढी गाउँपालिकालाई केही आर्थिक स्रोत जुटाउने उद्देश्यले गाउँ सभाको निर्णय बमोजिम एकतर्फी पर्छ खबरी कर उठाउने गरी गत मिति २०७४ साल श्रावण १८ गते गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएकोमा सोही सूचना बमोजिम तोकिएको मिति र समय भित्र एस.डी. कन्स्ट्रक्सन हुरौडा ४१ को बोलपत्र फारम दर्ता हुन आएकोले गाउँपालिकामा बसेको बोल पत्र खोल्ने सम्बन्धी बैठक बाट बोलपत्र खोली मुल्याङ्कन समितिमा मूल्याङ्कन गर्न पठाइएको र मुल्याङ्कन समितिले समेत निर्णय गरी ठेक्का सम्झौता गर्न गाउँपालिकालाई सि-

कृति प्रदान गरे अनुसार उक्त फर्मवाला S.D. (एस.डी.)
कन्स्ट्रक्सनलाई गाउँपालिकाको सर्त अनुसार सम्झौता
गर्न निमन्त्रणा गर्दा सवारीकर ठेक्काको नियम १ तर्फी
परके सवारी कर कि २ तर्फी भन्ने विषयमा ठेकेदार पक्षले
सम्झौता गर्न नमान्ने पछि त्यसको सहजीकरण गर्न गाउँ
कार्यपालिका सदस्य श्री वरखान सिंह पाखिन को संयोजक
त्वमा सहजीकरण समिति गठन गरी सोही समितिले
सहजीकरण गर्दा समेत उक्त ठेक्का सम्झौता गर्न
ठेकेदार पक्ष असहमत भएको हुँदा पुन: सहजीकरण
को प्रयास गर्न र यदी पुन: सहजीकरण गर्दा समेत
ठेकेदारपक्षले सम्झौता गर्न सम्झौता गर्न असहमती
प्रकट गरेमा सोही विषयलाई आधारमानी ठेकेदार
पक्षले धरौटी स्वरूप जम्मा गरेको रकमाफिता गरिदि
ने लेखा शाखा तथा कार्यालयलाई अनुमती दिने र
सम्झौता हुन नसकेको उक्त ठेक्का रद्द गरी पुन:
बोलपत्र आवाहान गरी ठेक्का प्रकृया प्रारम्भ
गर्न उक्त श्री वरखान सिंह पाखिनको संयोजकत्वको
समितिलाई थप अधिकार सहित अनुमती प्रदान
गर्ने निर्णय सर्वसम्मतबाट गरियो-

निर्णय नं २— प्रस्ताव नं. २ को सम्बन्धमा छलफल गर्दा यस
- मकवानपुरगढी गाउँपालिकामा कार्यरत कर्मचारी तथा
वडा कार्यालयमा कार्यरत कर्मचारीलाई आफ्नो काम
प्रती अत्यन्त जिम्मेवार भई काम गर्ने वातावरण मिला
उनको लागि कर्मचारीको थप सेवा सुविधा सम्बन्धमा
निर्णय गरी प्रतिवेदन पेश गर्न यस मकवानपुरगढी
गाउँ कार्यपालिका सदस्य श्री आइत सोंग्लो को संयो
जकत्वमा कर्मचारी सेवा सुविधा निर्धारण समिति
गठनगरीएकोमा सो समितिले निर्णय गरी प्रतिवेदन
पेश गरेकोमा उक्तानुसार पेश भएको प्रतिवेदन अध्ययन
न गर्दा कर्मचारी सेवा सुविधा सम्बन्धमा उक्त समिति
ले गरेको निर्णय कार्यान्वयन गर्न मनासिब देखिएकोले
सोही प्रतिवेदनमा उल्लेख भए अनुसारको सेवा सुविधा
उक्तानुसारका कर्मचारीलाई उपलब्ध गराउने निर्णय
सर्व सम्मतबाट पारित गरियो-।

निर्णय नं० ३ प्रस्ताव नं० ३ को सम्बन्धमा छलफल गर्दा यस मकवानपुरगढी गाउँपालिकामा निर्वाचित पदाधिकारीको सेवा सुविधा सम्बन्धमा "गाउँ कार्यपालिका तथा वडा सदस्यको सेवा सुविधा नियमावली २०७४" मा उल्लेख गरी आगामी गाउँ सभाबाट अनुमोदन गर्ने गरी निम्न अनुसारको सेवा सुविधा उपलब्ध गराउने गाउँपालिका कार्यालयलाई अनुमति प्रदान गर्ने निर्णय सर्वसम्मतबाट गरियो।

तपसिल :-

# इन्धन खर्च :-

उपाध्यक्ष - पेट्रोल १५ ली. (मासिक)
वडाअध्यक्ष - " १५ ली. (मासिक)

# फोन तथा सञ्चार खर्च

गाउँपालिका अध्यक्ष - रु.२०००/- (मासिक)
(सिम लिए पछि लागेवमोजिमको रकम)
" " उपाध्यक्ष - रु.१५००/- (मासिक)
वडाध्यक्ष - रु.१५००/- (मासिक)
कार्यपालिका सदस्यहरु - रु.१०००/- (मासिक)

# बैठक भत्ता (वडा समेत)

प्रति बैठक रु.१२००/- प्रतिबैठक (नियमानुसारको कर योग्य)

# वडा कार्यालय खर्च

मासिक रु.६०००/- (वडा कार्यालय भाडा बाहेक चिया खाजा लगायतको विविध खर्च)

द्रष्टव्य : मसलन्द, अफिसियल, अन्य सामाग्री गाउँपालिकाले नै उपलब्ध गराउने छ।

निर्णय नं० ४ प्रस्ताव नं० ४ को सम्बन्धमा छलफल गर्दा यस गाउँपालिकामा बसोबास गर्ने सम्पुर्ण नागरिक, राजनैतिक दलका सम्पुर्ण कार्यकर्ता तथा अन्य सम्पुर्ण महानुभावहरु

मा वडादशौं २०६४ को शुभकामना दिने र सहभागी सम्पुर्णलाई शुभकामना आह्वान प्रदान गर्ने निर्णय सर्वसम्मत बाट पारित गरियो।

निर्णय नं. ६, प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस मकवानपुरगढी गाउँपालिका को विभिन्न निर्माण कार्य गर्दा मेसिन प्रयोगको अवस्थामा वेहाय अनुसारको क्षमता का प्रकारको मेसिन प्रयोग गर्दा वेहाय अनुसार दर रेट निर्धारण गर्ने निर्णय गरियो।

Scanned with CamScanner